जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १९८ २०८१ साल फागुन २३ गते शुक्रबार (7 Mar. 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : अर्ग्यानिक चिया उत्पादन ... ३ पृष्ठमा : मधेसको कथामा ... ३ पृष्ठमा : रोहिङ्ग्या शरणार्थीको खाद्यान्न ...

# बिटौरी समस्या समाधानका लागि म बाधक होइन : पूर्वमेयर यादव




**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

राजविराज नगरपालिकाका पूर्व मेयर शम्भु प्रसाद यादवले बिटौरी र ब्लक जग्गा समस्या समाधानमा आफू बाधक बनेको भनी गरिएको दुश्प्रचारप्रति आपत्ति जनाएका छन् ।

राजविराजमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै उनले उक्त समस्या समाधानमा आफू बाधक रहेको कुरा प्रमाणित गरे राजनीतिबाटै सन्यास लिने उद्घोष समेत गरे ।

आफ्नो नाम जोडेर केही व्यक्तिले त्यस्ता दुश्प्रचार गरेकोप्रति गम्भिर आपत्ति व्यक्त गर्दै उनले भने, "बिटौरी समस्या समाधानबाट रोक्न र हुलाकी राजमार्गलाई सिरहा रोडहुँदै अदालत रोड तर्फबाट लैजान मैले पहल गरेको भनी मेरो बारेमा दुश्प्रयास भएको छ, ती समस्या समाधानकै लागि आफ्नो स्तरबाट पहल गर्दा गर्दै पनी मलाई बदनाम गराउने षडयन्त्र दुर्भाग्यपूर्ण छ ।"

आफू मेयर भएको बेला २०७५ सालमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर राजविराज नगरपालिकामा रहेको बिटौरी र ब्लक जग्गाको समस्या समाधानका लागि आग्रह गरेको बताउँदै उनले अहिले पनि त्यसको समस्या समाधानमा आफूबाट हुन सक्ने सहयोग र खेल्नुपर्ने भूमिकाका लागि तत्पर रहेको प्रतिबद्धता समेत जनाएका छन् ।

आफ्नो कार्यकालमा अनलाइनमार्फत जग्गाको श्रेस्ता राख्ने मालपोत कार्यालयमा प्रणाली सुरु भएपछी बिटौरी जग्गा अनलाइनमा नदेखिने कारणले त्यस्तो भएको भन्दै आफूले त्यस्तो जग्गामा ऋण प्रवाहा गर्न कुनै वाधा रोकटोक नगरेको स्पष्ट पारे ।

सोही पत्रकार सम्मेलनमा वडा नं. ७ का निवर्तमान वडा अध्यक्ष माँगीलाल नाईले आफूहरुको कार्यकालमा बिटौरी जग्गा समस्याको लागि पहल भएको दाबीका साथ आगामी दिनमा पनि समस्या समाधानमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# वार्तासँगै आन्दोलनको तयारी भइरहेको छ : संघर्ष समिति



**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

राजविराज नगरवासी पीडित संघर्ष समितिले बिटौरी तथा ब्लक जग्गाको समस्या समाधानका लागि सुरु भएको आन्दोलन स्थानीय प्रशसनको आग्रहमा दुई साताका लागि स्थगित भएपनि समस्या समाधान नभए पुनः संघर्षका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ ।

बिहीबार संघर्ष समितिका संयोजक इरसाद अन्सारीले प्रेस विज्ञप्ति जारी गर्दै यस्तो आग्रह गरेका हुन् ।

विज्ञप्तिमा उनले "समितिले आन्दोलन सुरु गरेपछी स्थानीय प्रशासन, जनप्रतिनिधि लगायत सरोकारवालाको आग्रहमा भएको वार्ता मार्फत दुई सातामा समस्या समाधानको उपाय खोज्ने भनी त्यस अवधीभर आन्दोलन रोक्न गरिएको आग्रहलाई स्वीकार्दै आन्दोलन रोकिएको हो ।" उल्लेख छ ।

यसबीचमा भावी आन्दोलनका लागि वडा वडामा संघर्ष समितिको गठनको काम भइरहेको जानकारीका साथ विज्ञप्तिमा हालसम्म प्राप्त सहयोगका लागि सबैलाई धन्यवाद दिइएको छ ।

गत फागुन १८ गते आन्दोलन चर्किंदै जाँदा राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनको अध्यक्षतामा सुरक्षा निकायका प्रमुखसहित बसेको बैठकले १५ दिनभित्र बिटौरी तथा ब्लक जग्गा लगायतका समस्या समाधानका लागि काम गर्ने भन्दै ९ सदस्यीय समिति गठन गरि तत्कालका लागि आन्दोलन स्थगित गर्ने सहमति भएको थियो ।

२०१६ सालमै नगरपालिका घोषणा भएको राजविराज नगरको ६८ विगहा क्षेत्रफलमा बसोवास गर्दै आएका ५ हजार २ सय ३३ परिवार हालसम्म लालपूर्जा पाउन सकेका छैनन् । यसैब विषयलाई लिएर नगरवासीले संघर्ष समिति नै गठन गरि चरणबद्ध आन्दोलन थालेका छन् ।

# वीरगञ्ज-पलथैया औद्योगिक कोरिडोरमा औषधि उद्योग विस्तार हुँदै

पर्सा, २२ फागुन (रासस) ।

वीरगञ्ज-पलथैया औद्योगिक कोरिडोरमा सञ्चालित म्याग्नस फर्माले मौजुदा उद्योगमा रु एक अर्ब लगानी बढाएर 'इन्जेक्टेबल' औषधि पनि उत्पादन गर्ने भएको छ ।

कम्पनीले 'भाइल' तथा 'ड्रप'हरू उत्पादन गर्न आवश्यक उपकरण जडान एवं परीक्षण गरिहेको तथा आगामी वैशाखदेखि पूर्ण क्षमतामा काम नयाँ औषधि बनाइने फर्माका प्रबन्ध निर्देशक सुधिरप्रकाश मास्केले बताउनुभयो । उद्योगमा थपिएको नयाँ 'इन्जेक्टेबल प्लान्ट'बाट औषधिका भाइल र एम्पुलको उत्पादनका साथसाथै आँखा, नाक र कानमा प्रयोग हुने ड्रप पनि बनाउने उहाँले बताउनुभयो ।

"कम्पनीले एक सय भन्दा धेरै औषधि उत्पादन गर्न सक्ने प्लान्ट स्थापना गरे पनि हालसम्म २० प्रकारका औषधि उत्पादनको अनुमति पाएका छौँ", उहाँले भन्नुभयो ।

कम्पनीमा हाल तीन सय ५० भन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । गत आर्थिक वर्षमा रु एक अर्ब २६ करोड मूल्य बराबरको कारोबार गरेको कम्पनीको चालुआवमा रु एक अर्ब ४० करोडको कारोबार गर्ने लक्ष्य लिएको छ ।

# चेक अनावर र चोरी मुद्दाका दुई फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ फागुन ।**

सप्तरी प्रहरीले चेक अनावर र नकबजनी चोरी मुद्दामा अदालतबाट कैद सजाय र जरिवाना तोकिएर फरार रहेका दुई प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा चेक अनावर मुद्दाका जिल्लाको महादेवा ३ निवासी रमेश कुमार यादव र नकबजनी चोरी मुद्दाका हनुमाननगर कंकालिनी नगरपालिका ९ का सतु भन्ने अशोक कुमार राय छन् ।

प्रहरीका अनुसार यादवलाई अदालतले १ वर्ष कैद र रायलाई १ महिना १५ दिन कैद तोकिएपछी उनीहरु फरार रहेकाले खोजतलासका क्रममा दुवै जनालाई बिहीबार पक्राउ गरि सप्तरी जिल्ला अदालतमा दाखिला गराइएको जनाइएको छ ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

➢ अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,

➢ अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,

➢ सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,

➢ सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,

➢ अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एचपिभी खोप पूर्ण रूपमा सुरक्षित छ : स्वास्थ्यमन्त्री पौडेल

काठमाडौँ, २२ फागुन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले एचपिभी खोप परीक्षण (ट्रायल)का लागि लगाउने भन्ने भनाइमा कुनै पनि सत्यता नरहेको स्पष्ट पार्नुभएको छ ।

पाठेघरको मुखको क्यान्सरविरुद्ध लगाइने एचपिभी (ह्युमन प्यापिलोमा भाइरस) खोपको हालसम्म गरिएका अध्ययनअनुसार सुरक्षित पाइएको र यसको कुने नकारात्मक असर नदेखिएको उहाँले बताउनुभयो ।

राष्ट्रियसभाको आजको बैठकमा मौखिक प्रश्नको उत्तर दिने क्रममा मन्त्री पौडेलले भन्नुभयो, “यो खोपले पाठेघरको मुखको क्यान्सर गराउने ह्युमन प्यापिलोमा भाइरसको सङ्क्रमणबाट सुरक्षित गराउँछ । यो खोप सुरक्षित र प्रभावकारी छ । यसबाट हालसम्म कुनै गम्भीर किसिमका असर वा घटना भएका छैनन् ।”

सांसद मदनकुमारी शाह (गरिमा)ले किशोरीलाई लगाइने यो खोप पूर्ण स्वास्थ्यका दृष्टिकोणबाट कति सुरक्षित छ? र यो खोप पुरुषलाई दिने प्रबन्ध सरकारले कहिले मिलाउने भनी प्रश्न गर्नुभयो । उत्तरमा मन्त्री पौडेलले अन्य राष्ट्रमा पुरुषलाई पनि दिने गरिएको बताउँदै यसबारे सहयोगी राष्ट्रबाट उपलब्ध हुन सक्छ की भन्नेमा गृहकार्य भइरहेको जानकारी दिनुभयो ।

गत माघ २२ गतेदेखि देशव्यापी रूपमा सुरूआत गरिएको अभियानमा हालसम्म १४ लाख किशोरीले यो खोप लगाइसकेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार आगामी वर्षदेखि यसलाई नियमित खोपका रूपमा कक्षा ६ का छात्रा र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीलाई दिइनेछ ।

## वर्तमान सरकार लोकतन्त्रमाथि विश्वास गर्छ : सञ्चारमन्त्री गुरुङ

काठमाडौँ, २२ फागुन (रासस) ।

राष्ट्रियसभाको आजको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले वर्तमान सरकार लोकतन्त्रमाथि विश्वास गर्ने भएकाले सरकारलाई निरङ्कुश भन्ने कुरा मिथ्या आरोप भएको बताउनुभएको छ ।

‘सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का सम्बन्धमा अस्वीकार गरियोस्’ भन्नेमा सांसद गोपीबहादुर सार्की अछामी, सांसद जगतबहादुर पार्की, सांसद राधेश्याम पासवान र सांसद उदयबहादुर बोहोराले प्रस्ताव पेस गर्नुभएको थियो ।

सोही प्रस्तावमाथि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गुरुङले वर्तमान सरकार सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूलभूत सिद्धान्तप्रति प्रतिबद्ध रहेको बताउनुभयो । सरकारले ल्याएका अध्यादेश सबैको आवश्यकताका रूपमा रहेका उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, “राज्य सबैको हो । मुलुकको समस्याका रूपमा रहेका ढिलासुस्ती, कुशासन, अनियमियतता हटाएर सुशासन कायम गर्न र विश्वासको माध्यमबाट समृद्धिको लक्ष्य निमाण गर्न यो अध्यादेश ल्याइएका हो ।”

मन्त्री गुरुङले भन्नुभयो, “यो सरकार लोकतान्त्रिक पद्दतिमा विश्वास गर्दछ । सङ्घीय लोकतन्त्रका मूलभूत सिद्धान्तको रक्षा गर्नेमा सरकार प्रतिबद्ध छ । संसद्लाई गरिमामय र मर्यादित बनाउनुपर्नेमा प्रतिबद्ध छौँ । तर्कअनुसार उक्त प्रस्ताव अस्वीकार गर्नुपर्नेमा कुनै औचित्य देखिएन । निरङ्कुशता बढ्यो भन्नु मिथ्या आरोप हो ।”

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन गर्दै सूर्योदय नगरपालिका

**मनोज अधिकारी**

इलाम, २२ फागुन (रासस)।

सूर्योदय नगरपालिकाले क्यान्सर रोगको जोखिम हुन नदिन विषादी प्रयोगमा कडाइ गर्न थालेको छ । नगरका किसानले तरकारी लगायत अन्य बालीमा विषादीको मात्रा बढाउन थालेपछि नगरपालिकाले कडाइ गर्न थालेको हो ।

नगरपालिकाले अर्ग्यानिक चिया उत्पादन अभियान नै सञ्चालन गर्न किसानलाई प्रोत्साह समेत गरिराखेको छ । “हामीले उत्पादन गरेको चियाले आफैँ रोगको सिकार हुनुपर्यो भने विश्व बजारमा बिक्री गर्न सकिदैन ।” नगरप्रमुख रणबहादुर राईले भन्नुभयो, “हामी बिष खाँदैनौ, बिष बेच्दैनौ । विगत बर्षदेखि अर्ग्यानिक उत्पादन गर्ने भनेर अभियान चलाईएपनि तथ्याङ्कहरुले बिषादीको प्रयोग देखाएकाले अब कडाइका साथ बिषादी नियमन गर्छौं ।”

नगरपालिकाले गत दुई आर्थिक बर्षमा विपन्न नागरिक सहायता कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाका लागि आर्थिक सहयोगमा लागि सिफारिस गरिएका बिरामीहरुमध्ये सबैभन्दा बढी क्यान्सर रोगी देखिएका छन् । आब २०७९/०८० मा सिफारिस गरिएका ५७ जना बिरामी मध्ये सबैभन्दा बढी ४० जना क्यान्सर पीडित थिए भने मिर्गौलाका १० र मुटुका ७ बिरामी थिए । त्यसैगरी गत आबमा यो तथ्याङ्क वृद्धि भएर कुल सिफारिस संख्या ८२ पुग्यो । सो तथ्याङ्कमा पनि क्यान्सरका सबैभन्दा बढी ५० बिरामी छन् । त्यसैगरी मिर्गौलाका २०, मुटुका ३ र टाउकोमा चोट भएका ३ जनाको स्वास्थ्य सेवाका लागि सिफारिस गरिएको सूर्योदय नगरपालिका स्वास्थ्य शाखाका प्रमुख विपुल अधिकारीले जानकारी दिनुभएको छ ।

चालु बर्षमा यो तथ्याङ्क अझ वृद्धि हुने अनुमान छ । यी त नगरपालिकामा स्वास्थ्य सेवा पाउन माग गर्दै पेश भएका निवेदनका आधारमा उपलब्ध तथ्याङ्क मात्र हो । यस बाहेक पालिकाको सम्पर्कमा नआएर उपचार गरिरहेका वा ज्यान गुमाएका क्यान्सर पीडित धेरै छन् ।

सबैमा क्यान्सर रोगको कारण चियाको बिषादी मात्र नभएपनि अधिकांश कारण भने बिषादी नै भएको हुनसक्ने सूर्योदय(८ का वडाध्यक्ष जङ्ग गुरुङ्गले बताउनुभयो । “क्यान्सरकै कारण मैले गत बर्ष परिवारको एक सदस्य गुमाएँ । धेरै ठाउँ डाक्टरलाई देखाउँदा बिषादीकै कारण रोग लागेको बताए ।” उहाँले, “झापाको पूर्वाञ्चल क्यान्सर अस्पतालदेखि राजधानीका थुप्रै अस्पतालका बरिष्ट डाक्टरहरुले बिषादीलाई कारण देखाए ।”

वडाध्यक्ष गुरुङ्गले यसबर्ष आफ्नो वडालाई अर्ग्यानिक वडा घोषणा गर्नेगरी काम थालिएको बताउनुभयो । “मैले आफन्त गुमाएँ । आज घर( घरमा क्यान्सर रोगी फेला परिरहेका छन् । यो दुर्दशा सबैले भोग्नुभन्दा बेलैमा सचेत हुनुपर्छ । ”उहाँले भन्नुभयो, “सूर्योदयका सबै वडामा भन्दा ८ नं वडामा बढी चिया खेती हुन्छ । सबैभन्दा बढी चिया उद्योग यहीँ छ । यहाँबाट अर्ग्यानिक वडा घोषणा सुरु गर्दैछौँ । ” पहिलो चरणमा किसान, चिया उद्योगी, व्यापारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि, टोल विकास, बालि बिमा कम्पनीका प्रतिनिधि लगायतसँग बसेर वडाले छलफल चलाएको बताउँदै वडाध्यक्ष गुरुङ्गले अब टोलटोलमा पुगेर किसानसँग सचेतनामुलक कार्यक्रम गरिने साथै उनीहरुलाई अर्ग्यानिक उत्पादन सम्बन्धी तालिम र अन्य कार्यक्रम सञ्चालन गरिने बताउनुभयो ।

“बिषले मानव स्वास्थ्यलाई मात्र नभएर हाम्रो विश्व परिचयमा पनि असर गर्छ । चिया पिउन लायक बनाउनुपर्छ । उत्पादन अर्ग्यानिक र गुणस्तरीय भएपछि किसानले राम्रो मूल्य पाउँछन् ।'“ नगरप्रमुख राईले भन्नुभयो, क्षणिक लाभ हेरेर स्वास्थ्य जस्तो संवेदनशील विषयमा वेवास्था गर्नु हुँदैन । ”

सूर्योदयमा उत्पादन हुने सबै चिया बिषादीयुक्त छन् भन्ने होइन । कतिपय चिया बगान अर्ग्यानिक पनि छन् । सूर्योदय(९ ढोडेका रामप्रसाद राईले चियाको प्राङ्गारिक खेती सुरु गर्नुभएको ६ वर्ष भयो । उहाँको १६ रोपनी क्षेत्रफलमा फैलिएको चिया बगानबाट दैनिक ८० किलो उत्पादन हुन्छ । “प्रतिकेजी रु एक सय एकका दरले सुन्दरपानी कृषि सहकारी संस्थालाई दिन्छौँ, उसले रु एक नाफा राखेर गोर्खा टी स्टेटलाई बेच्छ । ” राईले भन्नुभयो, “नगरपालिकाले तोकेको चियाको न्यूनतम समर्थन मूल्य प्रतिकिलो रु ४० हो । तर हाम्रो चिया प्राङ्गारिक भएकाले रु एक सयभन्दा बढी मूल्य पाएका छौँ ।”

राईमात्र होइन साङपाङ टोल ढोडेका सबै किसानले रासायनिक मलको प्रयोग छाडेर गाई(बाख्राको मल प्रयोग गरिरहेका छन् । “चियामा लहलह मुना पलाउँछ, खाँदा स्वास्थ्यलाई हानि गर्दैन, बिक्री मूल्य पनि राम्रो पाइन्छ ।” किसान मनबहादुर राईले भन्नुभयो, “गाईको मल एकपटक र गहुँतबाट बनाएको ‘रक्षिन’ वर्षमा दुईपटक लगाई दिनुपर्छ, अन्य गोडमेल र सिँचाइ पुग्यो भने विषादी हालेकोभन्दा राम्रो उत्पादन पनि हुन्छ ।”

यो टोलका विनोद मोक्तान, विमल, सुशीला, रामप्रसाद, पूर्ण र तारा राईका परिवार बिहानसाँझ चियाको गोडमेल, मलजल, सिँचाइ र टिपाइमा व्यस्त हुन्छन् । बेलामा पानी नपरेकाले केही ढिलो भए पनि यस वर्षको टिपाइ चैत पहिलो साताबाट सुरु हुने मन बहादुरले बताउनुभयो । उहाँका अनुसार, हरियो चिया उत्पादनको उर्वर समय चैतदेखि असोजसम्मको ६ महिना हो ।

क्यान्सरले नागरिकको ज्यान लैजाने र उत्पादन गुणस्तरीय नहुँदा विश्व बजारमा निर्यात नहुने भएपछि नगरपालिकाले प्राङ्गारिक चिया उत्पादनको अभियान चलाइरहेको हो । ६ वर्षअघि नै चियाको कार्यविधि बनाएर न्यूनतम समर्थन मूल्य तोकेको सूर्योदयमा चियाको टिपाइ सुधार हुन नसक्दा भारतलगायत मुलुकमा नेपाली चिया बिक्रीमा समस्या छ ।

“पहिले भारतले यहाँको चिया किन्दा सिएफएल परीक्षण गर्थ्यो तर अब त्यसको अलावा फसाइ परीक्षण गर्दैछ ।” नगरप्रमुख राईले भन्नुभयो, “यसले गर्दा हाम्रो चिया भारतमा सजिलै बिक्री हुने अवस्था छैन । यदि चिया प्राङ्गारिक भएन भने सबै चिया नबिक्ने अवस्था हुन्छ । यो समस्या बुझेर किसानले उत्पादनलाई विषादीरहित र टिपाइ गुणस्तरको बनाउनुपर्छ ।”

चियाको टिपाइ सुधार गर्न भन्दै नगरपालिकाले गतबर्ष तीन सय किसानलाई चिया टिप्ने हाते मेसिन वितरण गर्यो । “टिपाइमा सुधार भइसकेपछि न्यूनतम समर्थन मूल्य कार्यान्वयन हुन्छ । करिब तीन सय ओटा चिया टिप्ने हाते मेसिन वितरण भएको छ । यो वितरण यस बर्ष पनि हुन्छ । चियालाई ‘ब्रान्डिङ’ गर्नुपर्छ, ‘टी’ परीक्षण गर्नुपर्छ भनेर निर्माण गरिएको ‘टी टेस्टिङ एन्ड रिसर्चिङ सेन्टर’ सञ्चालनमा आईसकेको छ ।”

नगरपालिकाको दीर्घकालीन सोचको नारा नै ‘सूर्योदय नगरपालिकाको समृद्धि, प्राङ्गारिक कृषि पर्यापर्यटन र आर्थिक समानता’ भन्ने रहेको छ । २०७५ साउन १ गते नै निषेधित विषादी मुक्त पालिका घोषणा गरी सबै १४ वडाका दुई सय ५२ टोलमा सचेतना कार्यक्रम भइसकेको नगर आर्थिक विकास समितिका संयोजक देवेन्द्र आचार्यले बताउनुभयो । ‘गोठ सुधार, भकारो सुधार, माटो परीक्षणजस्ता कार्यक्रममार्फत प्राङ्गारिक उन्मुख अभियान चलाइरहेका छौँ ।’ उहाँले भन्नुभयो ।

नगरपालिकाले चियाबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । कार्यविधि बनाएर गुणस्तर सुधार गर्न लागिपरेको सूर्योदयले चियामा विषादीको प्रयोग रोक्न नसक्दा आलेचना खेप्नु परिरहेको छ । अर्कातिर किसानलाई प्राङ्गारिक खेतीमा आकर्षित गर्न अनुदानको कार्यक्रम छैन । ‘८० प्रतिशतभन्दा धेरैको आयस्रोत बनेको चियामा प्रतिकिलो रु एक अनुदान दिँदा पनि करोडौँ लगानी चाहिन्छ । स्थानीय सरकारको एक्लो प्रयासले सहजै किसानको समस्या समाधान हुने देखिँदैन । प्रदेश र सङ्घले चिया सुधार गर्न लगानी नगर्दा स्थानीय सरकार मर्कामा परेको छ । प्रमुख प्रशासकिय अधिकृत अमृतबहादुर राईले भन्नुभयो ।

नेपाली चियाको अन्तरराष्ट्रिय ‘ब्रान्डिङ’ प्रवर्द्धनका लागि सहयोग, साना किसानका लागि हरियो पत्ती उत्पादनका आधारमा उखुमा जस्तै अनुदान दिनुपर्ने माग उद्योगीले गरेका छन् । उद्योगी उदय चापागाईंले कृषिका अन्य क्षेत्रमा जस्तै चियामा अनुदान दिन सरकारले कञ्जुस्याइँ गर्ने गरेको बताउनुभयो । ‘चिया क्षेत्रको समस्यामा दिगो समाधान खोज्न किसानलाई सहुलियत दिनुपर्छ ।’ उहाँले भन्नुभयो, ‘किसानलाई मल, सिँचाइ र अनुदानमा सरकारले सहयोग गर्नसक्छ । अझ चियाको अन्तरराष्ट्रिय बजार दिगो बनाउन अर्ग्यानिक उत्पादन मात्रै विकल्प हो ।’

नेपालमा उत्पादित ५५ लाख तयारी अर्थोडक्स चियामध्ये तीन लाख किलोमात्र अर्ग्यानिक रहेको तथ्याङ्क छ । सूर्योदय नगरपालिकामा ६२ भन्दा बढी चिया प्रशोधन उद्योग छन् । तीमध्ये सूर्योदय टी एसोसिएसनमा ५२ वटा उद्योग आबद्ध छन् । यहाँ तीन हजार हाराहारी किसानको हरियो चियापत्ती प्रशोधन गरिन्छ । यहाँका उद्योगमा सूर्योदय नगरपालिकाको मात्र होइन माइजोगमाई, रोङलगायत किसानले उत्पादन गरेको हरियो पत्ती प्रशोधनका लागि पुग्ने गरेको छ । यहाँको तयारी चिया भारतसहितका तेस्रो मुलुकसम्म पुग्ने गरेको छ ।

नेपालमा १२ हजार ६६ हेक्टरमा चियाखेती हुँदै आएको छ । देशभरमै बढी चिया उत्पादन हुने जिल्ला इलाम हो । यहाँ ६ हजार नौ सय ९५ बगान रहेका छन् । सूर्योदय नगरपालिका चियाको राजधानीका रूपमा पनि परिचित छ । देशभरका ११ हजार ४१ बगानबाट १० करोड ८० हजार किलो हरियो पत्ती उत्पादन हुनेगरेको बगान सञ्चालकहरूले बताएका छन् ।

## इटहरीमा प्रहरीद्वारा ट्राफिक व्यवस्थापनसम्बन्धी अभियान

इटहरी (सुनसरी), २२ फागुन (रासस) ।

इटहरीमा ट्राफिक प्रहरीले ट्राफिक नियम व्यवस्थापनसम्बन्धी अभियान सञ्चालन गरेको छ । चर्को आवाज निकालेर तथा स्वरुप परिवर्तन गरेर सवारी चलाउने, ट्राफिक नियम पालना नगर्नेलाई सचेतनासँगै आवश्यकताका आधारमा कारबाही गर्ने उद्देश्यले ट्राफिक प्रहरीले विशेष अभियान सञ्चालन गरेको हो ।

बाँकी तीन पृष्ठमा

# मधेसको कथामा 'राजागञ्ज'

काठमाडौँ, २२ फागुन (रासस)।

नेपाली चलचित्र निर्देशन गरेर अन्तरराष्ट्रिय रूपमा परिचित निर्देशक दीपक रौनियार निर्देशित 'राजागञ्ज' मधेसको कथामा तयार गरिएको छ। हालै आयोजना गरिएको पत्रकार भेटघाटमा निर्देशक रौनियारले आफूले झन्डै आठ वर्षअगाडि सोचेको कथालाई चलचित्रमा ल्याएको बताउनुभयो।

उहाँले भन्नुभयो, "यो मेरो भोगाइ पनि हो तर यसलाई प्रहरीको कथामा रहेर पटकथा तयार गरेको छु। मधेसको संस्कृति, विविधता, विभेदलगायत घटनाक्रमलाई यसमा देखाइएको छ। यो एउटा महिला प्रहरी अधिकृतको कथा हो।"

निर्देशक रौनियारले चलचित्रको विषय सोचेपछि धेरै महिला प्रहरीलाई भेटेर गरिएको कुराकानीका आधारमा 'पूजा' नामक पात्रको निर्माण गरिएको बताउनुभयो। उहाँले नेपालबाहिर यस चलचित्रलाई 'पूजा सर' कै नाममा प्रदर्शन गर्दै हुनुहुन्छ। यस चलचित्रमा सात महिला पात्र केन्द्रीय भूमिकामा रहेकी छन्। "मधेसमा महिला कार्यकरी हुँदाको परिस्थिति र उसले भोग्नुपर्ने समस्यालाई यसमा देखाउने कोसिस गरेका छौँ। विश्वका ठूलाठूला महोत्सवमा छानिएको चलचित्र बल्ल हामीले नेपाल ल्याएका छौँ। यो हाम्रो समाजकै एउटा कथा वा घटना हो", उहाँले भन्नुभयो।

चलचित्रको केन्द्रीय भूमिकामा रहेका कलाकारमध्ये एक अभिनेता दयाहाङ राई हुनुहुन्छ। उहाँले व्यावसायिक सफल चलचित्र 'कबयी' र 'जारी' सँगै अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा छानिएका चलचित्र 'हाइवे', 'सेतो सूर्य', 'गाउँ आएको बाटो' लगायतमा पनि काम गरिसक्नुभएको छ।

कलात्मक र व्यावसायिक दुवै किसिमका चलचित्रमा अभिनय गर्न आफूले सोहीअनुसार तयारी गरेको अभिनेता राईले बताउनुभयो। "एकै किसिमको चलचित्रमा प्रस्तुत भएमा त्यसले विविधता दिन सक्दैन। हामीले केही समययता अब्बल चलचित्र बनाइरहेका छौँ, जसले अन्तरराष्ट्रिय महोत्सवमा वाहवाही पाइसकेको छ। त्यस्ता चलचित्रमा मलाई सुहाउँदो पात्र लिएर आउने निर्माता र निर्देशकलाई म नकार्न सक्दिन किनकि देशबाहिर चलचित्र होस् या खेलकुद देशलाई प्रतिनिधित्व गरेर गइरहेका हुन्छौँ", उहाँले भन्नुभयो।

अभिनेत्री ऋचा शर्माले चलचित्रमा आउनैपर्ने मधेसको एउटा कथा आएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो विषयमा चलचित्र बन्नु आवश्यक थियो। मधेसको कथामा केन्द्रित यस चलचित्रको कन्द्रीय भूमिकामा भने महिला छन्, सात महिलाले कथा भनेका छौँ। यसले मधेसको विविधतालाई चलचित्रमार्फत धेरै दर्शकसम्म पुऱ्याउँछ।"

चलचित्रमा अभिनेता राईसँगै आशा मगराती, विजय बराल, गौमाया गुरुङ, पशुपति राई, पूर्वमिस नेपाल निकिता चाण्डक, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वरकुमार झा, नीरज श्रेष्ठलगायत कलाकारको अभिनय रहेको छ। नेपलमा सार्वजनिक प्रदर्शन अगावै भेनिस, ह्याम्बर्ग, बुसान र मुम्बईजस्ता अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा 'राजागञ्ज' छनोट भएर प्रदर्शन भइसकेको छ।

नेपाल र भारतको सीमावर्ती सहरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले गरेको खोजीको कथा पनि यसमा समेटिएको निर्मातामध्येका एक रामबाबु गुरुङले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तराईको सौन्दर्य, संस्कृतिसँगै त्यहाँ भएको एउटा घटनाक्रमलाई हामीले चलचित्रको विषय बनाएका छौँ। यसलाई घटेका घटनाहरूबाट प्रेरित भएर तयार गरेका हौँ। विश्वभर महोत्सवमा सहभागी भएर रुचाइएको चलचित्र नेपाली दर्शकको प्राथमिकतामा पर्नेमा विश्वस्त छौँ।" यो चलचित्र निर्माणमा भारतीय निर्देशक अनुराग कश्यप, निर्देशक रामबाबु गुरुङ, अभिनेता दयाहाङ राईले सहकार्य गर्नुभएको उहाँले बताउनुभयो।

# प्रतिनिधिसभा आकस्मिक समय :अमेरिकी सहयोगबारे श्वेतपत्र जारी गर्न माग

काठमाडौँ, २२ फागुन (रासस)।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदले नेपालले पाएको अमेरिकी अनुदान सहयोगबारे नेपाल सरकारले श्वेतपत्र जारी गर्नुपर्ने माग गर्नुभएको छ।

बैठकको आकस्मिक समयमा सांसद रामहरी खतिवडाले अमेरिकाले नेपाललाई प्रदान गरेको अनुदान सहयोग दुरुपयोग भयो भनेर प्रश्न उठिरहेका बेला कुन निकायबाट कस्तो कामका लागि कति खर्च भएको हो भनेर विस्तृत विवरण सार्वजनिक हुनुपर्ने माग गर्नुभयो। उहाँले भन्नुभयो, "अमेरिकी सहयोग बारे श्वेतपत्र जारी गरियोस्। गैरसरकारी सस्था वा अन्तराष्ट्रिय गैरसकारी सस्था मार्फत् प्राप्त भएको रकमबारे स्पष्ट जानकारी दिइयोस्।" उहाँले अमेरिकाले अवैधानिक रूपमा बसेका नेपालीलाई नेपाल फिर्ता पठाइएको र पत्रकारले प्रश्न गरेकै आधारमा संसद्को पास स्थगन गरिएको भन्ने विषय उठान बारे पनि उहाँले सदन मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

बैठकमा सांसद देवेन्द्र पौडेलले पनि अमेरिकाबाट हालसम्म ३५ नेपाली नागरिक नेपाल फिर्ता भएको उल्लेख गर्नुहुँदै विभिन्न देशमा रहेका नेपाली नागरिकलाई स-सम्मान स्वदेश फिर्ताका लागि सरकारले परराष्ट्र मन्त्रालयमार्फत् पहल गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "दुवई, जापान, क्यानडा, कोरियालगायत मुलुकबाट नेपालीलाई डिपोर्ट गरिएको छ। त्यहाँ समस्यामा परेका नागरिकलाई फिर्ता गर्नका लागि परराष्ट्र मन्त्रालयमार्फत् पहल गरिनुपर्छ।"

सांसद हरी ढकालले एलपी ग्यास व्यवसायीले कमिसन बढाउन सरकारलाई दबाव दिएकै आधारमा मूल्य बढाउने र बजारमा कृतिम अभाव सिर्जनाको स्थिति बनेको बताउनुभयो। त्यस्तै, सार्वजनिक लेखा समितिले सिमेन्टको मूल्य घटाउन भनेर सरकारलाई निर्देशन दिएकोमा हालसम्म पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो। उपभोग्य वस्तुमा अत्याधिक मूल्यवृद्धि भएको धारणा पनि उहाँले राख्नुभयो।

सांसद माघव सापकोटाले सरकार र शिक्षक महासङ्घबीच गतवर्ष भएको सहमति कार्यान्वयनका लागि आग्रह गर्नुभयो। शिक्षकले गतवर्ष पनि आन्दोलन गरेको र त्यसपछि सरकारसँग सहमति भएकोमा त्यसलाई कार्यान्वयन गर्न नसक्दा फेरी आन्दोलित भएको उहाँको भनाइ छ। शिक्षक महासङ्घले अहिले फेरी आन्दोलनको तयारी गरिरहेको बताउनुहुँदै उनीहरुको जायज माग पूरा गर्न आग्रह गर्नुभयो।

सांसद अमरेशकुमार सिंहले स्वास्थ्य मन्त्रालयको सचिव नियुक्तिमा सरकारले संविधान मिचेको आरोप लगाउनुभयो। सचिवमा वरिष्ठ कर्मचारीलाई सचिव नियुक्त नगरेर कनिष्ठलाई नियुक्त गरेको तथा आदीवासी जनजाति, मधेशी, महिलाप्रति पूर्वाग्रह राखेको भन्दै स्वास्थ्य मन्त्रीको राजिनामासमेत उहाँले माग गर्नुभयो।

सांसद लालप्रसाद सावा लिम्बूले झापाको शिवसताक्षी ११ को क्याम्ब्रिज स्कुलको दुईवटा बस जलेको विषय संसदमा उठान गर्नुभयो। उहाँले समग्र विद्यालयको सुरक्षा संवेदनशीलताको विषय संसद्मा राख्नुभयो।

# मुलुक अब आत्मनिर्भरताको बाटोमा : प्रधानमन्त्री ओली

महोत्तरी, २२ फागुन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकलाई आत्मनिर्भरताको बाटोमा लैजानुको विकल्प नभएको बताउनुभएको छ।

महोत्तरीको गौशाला नगरपालिका-१, रामनगरमा बिहीवार 'नेपाल पल्प एण्ड पेपर इण्डष्ट्रिज'को उद्घाटन गर्दै उहाँले औद्योगिक विकास र रोजगारी सृजनामा प्राथमिकता दिइने बताउनुभयो। उहाँले भन्नुभयो, "अब हामी आत्मनिर्भरताको बाटोमा लाग्नुको विकल्प छैन। सहकार्यका माध्यमबाट युवाहरूले आँपको खेती विकास गर्न सक्छन्, यसमा प्रदेश सरकारहरु पनि अघि सरुन्।"

प्रधानमन्त्री ओलीले निजी क्षेत्रको प्रयास बिना समृद्धि हासिल नहुनेमा सरकार स्पष्ट रहेको बताउनुभयो। उहाँले कागज उद्योग स्थापनाले चुलोचौकोमा सीमित सर्वसाधारणले सीप सिक्नुका साथै रोजगारी सृजना हुने बताउनुभयो। आफ्नै कागज देशभित्र प्रयोग गर्ने अवसर र व्यापार घाटा सन्तुलनका लागि यस उद्योगले योगदान दिइ आत्मनिर्भर बनाउन सहयोग गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

प्रधानमन्त्री ओलीले वर्तमान सरकार केवल सरकारका लागि नभएर देश बनाउन आएको बताउनुभयो। उहाँले हुलाकी राजमार्ग, सुनकोसी मरिनलगायतका योजना छिटो सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुभयो।

उहाँले भन्नुभयो, "अब अराजकता, बलमिच्याँइ र जालझेल चल्दैन।" उहाँले मुलुकमा अब राजतन्त्र नफर्कने उल्लेख गर्दै सबै संविधान अनुसार चल्नुपर्नेमा जोड दिनुभयो।

आइएमई ग्रुपले स्थापना गरेको यस उद्योग सञ्चालनमा आएसँगै प्रयोग भइसकेका कागजबाट नेपालमै नयाँ कागज उत्पादन गर्न सकिने जनाइएको छ। जसका कारण कागज आयातमा कमी आउनेछ भने उद्योगले करिब तीन सयलाई रोजगारी दिने जनाएको छ।

## इटहरीमा...

अभियानअन्तर्गत एक सातामा चर्को आवाज निकाल्ने तथा ट्राफिक नियम पालना नगर्ने एक सय ५९ मोटरसाइकल चालकलाई कारबाही गरिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीले जनाएको छ।

जिल्लास्थित ट्राफिक व्यवस्थापन कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीलले भन्नुभयो, "त्यस्ता मोटरसाइकलले दुर्घटना निम्तिनुका साथै सर्वसाधरणमा अनावश्यक आवाजले आतङ्कित मच्चाएको, वातावरणमा ध्वनि प्रदूषण बढाएको जनगुनासो आएपछि अभियान सञ्चालन गरी सचेतना अभिवृद्धिसँगै कतिपयलाई बारबाही गरिएको हो।"

जथाभावी रूपमा साइलेन्सरलाई परिवर्तन गरेर चलाउने, फिल्टर निकालेर वा कम्पनीबाट नै ठूलो आवाज निस्कने बनाइएका मोटरसाइकललाई इटहरी बजार क्षेत्रभित्र सञ्चालनमा कडाइ गरिएको प्रनाउ त्वातीलले जानकारी दिनुभयो।

उहाँका अनुसार कारबाही परेकामध्ये एक सय ५२ मोटरसाइकलका चालकलाई साइलेन्सरपाइप फेर्न लगाइएको र बाँकी मोटरसाइकल चालकलाई कारबाहीका लागि यातायात व्यवस्था कार्यालय इटहरी पठाइएको छ।

# विश्व समाचार

## रोहिङ्ग्या शरणार्थीको खाद्यान्न सहायता आधा घटाइने : राष्ट्रसङ्घ

बङ्गलादेश, २२ फागुन (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घीय खाद्य निकायले आर्थिक अभावका कारण बङ्गलादेशमा रहेका करिब १० लाख रोहिङ्ग्या शरणार्थीका लागि जाने खाद्यान्न आगामी महिनादेखि आधा कटौती गर्नुपर्ने अवस्था आएको बताएको छ।

सन् २०१७ मा छिमेकी मुलुक म्यान्मामा भएको सैन्य कारबाहीबाट भागेर आएका रोहिङ्ग्या समुदायका अधिकांश शरणार्थी बङ्गलादेशको राहत शिविरमा बसिरहेका छन्।

सहायतामा निर्भर रहेका र व्यापक कुपोषणबाट पीडित रोहिङ्ग्या समुदायका लागि लगातारको सहायता कटौतीले पहिले नै अत्यधिक कठिनाइ निम्त्याइसकेको छ।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बुधबार एक पत्र लेख्दै भनेको छ, "कोषको चरम अभावका कारण मासिक खाद्यान्न भौचरमा प्रतिव्यक्ति १२.५० डलरबाट ६.०० डलरमा कटौती गरिएको छ।"

"दुर्भाग्यवश, हामीले अझै पनि पर्याप्त कोष प्राप्त गरेका छैनौं, र लागत र बचत नियन्त्रणका उपायहरू मात्र पर्याप्त छैनन्," पत्रमा भनिएको छ। बङ्गलादेशस्थित शरणार्थी निकायका मोहम्मद शमसूद डुजाले एएफपीसँग कुरा गर्दै आफ्नो कार्यालयले अर्को हप्ता समुदायका नेताहरूसँग बैठक गर्ने बताउनुभएको छ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले मुस्लिम समुदायको वार्षिक रोजाका अवसरमा रोहिङ्ग्या शरणार्थीसँग भेट्नुभन्दा केही दिनअघि (बुधबार) पत्र आएको हो।

सन् २०१७ मा राष्ट्रसङ्घको नरसंहार अनुसन्धानको विषय बनेको म्यान्मामा भएको दमनले करिब सात लाख ५० हजार रोहिङ्ग्यालाई हत्या, बलात्कार र आगजनीका पीडादायी कथा लिएर छिमेकी देश बङ्गलादेशमा भाग्न बाध्य बनाएको थियो।

बङ्गलादेशले आफ्नो विशाल शरणार्थी जनसङ्ख्यालाई समर्थन गर्न सङ्घर्ष गरिरहेको छ र म्यान्मामा थोक फिर्ती वा अन्यत्र पुनर्वासको सम्भावना टाढा छ।

क्स बजार वरपरका शिविरमा बस्ने रोहिङ्ग्याहरूलाई रोजगारी खोज्न अनुमति छैन र बाँच्नका लागि सीमित मानवीय सहायतामा लगभग पूर्ण रूपमा निर्भर हुनुपर्ने बाध्यता छ।

जनवरीमा इन्डोनेसिया पुगेका २५० भन्दा बढी रोहिङ्ग्यासहित राम्रो जीवन खोज्ने प्रयासमा ठूलो संख्यामा शरणार्थीहरूले शिविरबाट टाढा पुग्न जोखिमपूर्ण समुद्र पार गर्ने प्रयास गर्ने गरेका छन् र यस्ता यात्रामा हजारौँको सङ्ख्यामा हताहत भएका छन्।

## एप्पलको नयाँ 'म्याकबुक एयर' बजारमा

सान फ्रान्सिस्को, २२ फागुन (रासस/एएफपी)।

एप्पलले बुधबार एमफोर चिप, १८ घण्टासम्मको ब्याट्री टिक्ने क्षमता र नयाँ १२ मेगापिक्सेलको सेन्टर स्टेज क्यामेरासहितको नयाँ म्याकबुक बजारमा ल्याएको छ।

कम्पनीका अनुसार यसमा बिल्ट-इन डिस्प्ले, १६ जिबीको स्टार्टिङ युनिफाइड मेमोरी र एप्पल इन्टेलिजेन्ससँग म्याकओएस सिकोइयाको क्षमताका अतिरिक्त दुई वटा बाहिरी डिस्प्ले पनि रहेको छ।

यसको मूल्य शैक्षिक प्रयोगका लागि ८९९ डलरबाट सुरु भई ९९९ अमेरिकी डलरसम्म रहेको नयाँ १३ र १५ इन्चको म्याकबुक एयर बुधबार प्रि-अर्डरका लागि उपलब्ध हुने एप्पलले जनाएको छ।

कम्पनीले भनेको छ, "पातलो र हल्का फ्यानलेस डिजाइन, दिनभर टिक्ने ब्याट्री क्षमता र एप्पल इन्टेलिजेन्सको साथ म्याकओएस सिकोइयाको अविश्वसनीय क्षमताको साथ आएको म्याकबुक एयर कुनै पनि अन्य ल्यापटप भन्दा फरक छ।"

शुरुआती मूल्य ९९९ डलर भएको म्याकबुक एयरले उपभोक्ताहरूलाई पहिलेभन्दा बढी सेवा र लाभ प्रदान गर्दछ," एप्पलका ग्लोबल मार्केटिङका वरिष्ठ उपाध्यक्ष ग्रेग जोसवियाकले भन्नुभयो।

## जापानले विश्वको 'सबैभन्दा सही' समय दिने घडी बिक्रीमा

टोकियो, २१ फागुन (रासस/एएफपी)।

विश्वकै 'सबैभन्दा सही समय' दिने फराकिलो फ्रिजजस्तै देखिने घडी बुधबार ३३ लाख अमेरिकी डलरमा बिक्रीका लागि राखिएको छ।

क्योटोस्थित निर्माता कम्पनी शिमाद्जु कर्पोरेसनका अनुसार 'एथर क्लक ओसी ०२०' समयका लागि यति सही छ कि यसलाई एक सेकेन्डले विचलित हुन १० अर्ब वर्ष लाग्नेछ।

'स्ट्रोन्टियम अप्टिकल ल्याटिस क्लक' भनेर चिनिने यो घडी सेकेन्ड परिभाषित गर्ने हालको मानक सीजियम आणविक घडीभन्दा १०० गुणा बढी सही भएको शिमादजु कर्पोरेसन ले जनाएको छ।

'कभर'सहित करिब एक मिटर (तीन फिट) अग्लो यो घडी मेशिनको आयतन २५० लिटर क्षमताको मात्र छ यो अनुसन्धानको क्षेत्रमा पनि प्रयोग गर्न सकिन्छ।

शिमाद्जुले आगामी तीन वर्षमा आफ्ना १० वटा घडी बिक्री गर्ने लक्ष्य राखेको छ। ग्राहकहरूले टेक्टोनिक गतिविधिको अवलोकन जस्ता क्षेत्रहरूमा वैज्ञानिक अनुसन्धानलाई अगाडि बढाउन ती घडीहरू प्रयोग गर्न उपयागी हुने कम्पनीले बताएको छ।

टोकियोको प्रसिद्ध स्काइ 'ट्री'मा यसअघि सापेक्षताको सामान्य सिद्धान्तको परीक्षण गर्न अप्टिकल जाली घडीहरू जडान गरिएको थियो। परीक्षणपछि 'बलियो गुरुत्वाकर्षण भएको ठाउँमा समय बिस्तारै बग्छ' भन्ने निष्कर्ष निकालिएको थियो।

# हिंसाबाट दलित महिला बढी प्रताडित

काठमाडौँ, २२ फागुन (रासस)। नेपाली सामाजमा हिंसाबाट दलित महिलाहरू बढी प्रताडित हुने गरेको पाइएको छ। समग्रमा सबै महिलाले भोग्ने हिंसा दलित महिलाले पनि भोग्नु परेको छ। त्यसका अतिरिक्त दलित महिलाले जातीय, पितृसत्ता, वर्गीय, आर्थिक, सामाजिक कारणले थप हिंसाको सामना गर्नु परिरहेको विभिन्न अध्ययनले देखाएका छन्।

दलित महिला सङ्घ (फेडो) ले २०८१ मा गरेको अध्ययनअनुसार नेपाल प्रहरीको विवरणमा हिंसापीडित दलित महिलाको कुल सङ्ख्या ११ दशमलव ५४ प्रतिशत छ। हिंसापीडित दलित बालिकाको सङ्ख्या १९ दशमलव ४४ प्रतिशत छ। राष्ट्रिय महिला आयोगमा अभिलेख भएका घटनामध्ये ११ दशमलव ३४ प्रतिशत दलित महिलासँग सम्बन्धित छन्। ओरेक नेपालको अभिलेखअनुसार हिंसापीडित महिलामा दलित महिलाको सङ्ख्या २७ प्रतिशत छ। इन्सेकको अभिलेखमा पनि दोस्रो बढी हिंसामा पर्ने महिलामा दलित छन्। जसमा दलित महिला २२ दशमलव ५८ प्रतिशत छन्। उल्लिखित तथ्याङ्क पीडकका तर्फबाट उजुरी आएका मात्र हुन्। थप हिंसाको डर र न्यायिक प्रक्रियामा कमजोर उपस्थितिका कारण पनि दलित महिलासँग जोडिएका धेरैजसो हिंसा घटनाहरू गुपचुप नै रहने गरेको अधिकारकर्मीहरूको दाबी छ।

दलित र दलित महिलाहरूप्रति हुने विभेद र दमनको विकराल रुप अन्तरजातीय विवाहमा देखिएको फेडोले जनाएको छ। अन्तरजातीय विवाह गरेका ७१ दशमलव सात प्रतिशत महिलाहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा डर, धाक र धम्कीको सामना गर्नु परेको छ। साथै सार्वजनिक स्थानमा दुर्व्यवहार र अपमान भोग्नेहरूमा ७० दशमलव आठ प्रतिशत छन्। चरित्र हत्या गर्ने वा चरित्रलाई हल्का रूपमा लिने सामाजिक मनोवृत्तिका कारण धेरै दलित महिलाको जीवन प्रभावित भएको फेडोकी महासचिव रेणु सिजापतीले बताउनुभयो।

अन्तरजातीय विवाह गरेका दम्पतीबाट जन्मिएका २५ दशमलव आठ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छैन। जसले गर्दा उनीहरूले स्कुल भर्नामा समस्या भोग्न परेको र सरकारले प्रदान गरेको सेवासुविधाबाट पनि वञ्चित हुन पुगेका महासचिव सिजापतिको भनाइ छ।

दलित महिलामाथि हिंसा अन्त्य गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा गरिएको प्रतिबद्धता र संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का उपाध्यक्ष दुर्गा सोवले बताउनुभयो। भएका ऐन कानुनबारे दलित र गैरदलित सबैलाई बुझाउन जरुरी रहेकामा उहाँको जोड छ। "समग्रमा आमनेपाली महिलाले विभिन्न तहका हिंसाको सामना गर्नु परिरहेको छ। त्यसमा पनि दलित महिला तथा बालबालिकाले जातीय, क्षेत्रीय, वर्गीय, आर्थिक, सामाजिक हैसियतका कारणले थप हिंसाको सामना गर्नुपर्ने बाध्यता छ", उपाध्यक्ष सोवले भन्नुभयो,"भएको कानुनी व्यवस्थाको अक्षरशः पालना गर्ने र त्यसबारे आममानिसलाई बुझ्न अभियान नै सञ्चालन गर्नुपर्ने आवश्यकता छ।"

# सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना हुँदै

काठमाडौँ, २२ फागुन (रासस)। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सातै प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने भएको छ।

पहिलो चरणमा मधेस प्रदेशमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार यही फागुन २० गते भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरी र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच जग्गा प्राप्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय साउदी सरकारबाट बहुउद्देश्यीय पोलिटेक्निक इन्स्टिच्युट निर्माण गर्न प्राप्त १० लाख अमेरिकी डलर महोत्तरीको बलवा नगरपालिकामा उपयोग गरिने भएको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्राविधिक सहयोगमा इन्स्टिच्युट स्थापनाको प्रक्रिया प्रारम्भ भएको हो।

प्रतिष्ठान मातहतका विभिन्न व्यावसायिक प्रशिक्षण केन्द्रमार्फत श्रम बजार लक्षित सीपमूलक तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन, सीप परीक्षण तथा प्रमाणीकरणलाई प्राथमिकतामा राखिएको जनाउँदै बुधबार जारी प्रेस विज्ञप्तिमा प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग द्विपक्षीय संवाद र समन्वयलाई निरन्तर अघि बढाइएको उल्लेख छ।

प्रशिक्षण केन्द्र श्रम बजारको मागअनुसार सीपयुक्त मानव संसाधन उत्पादन गर्दै आन्तरिक तथा वैदेशिक रोजगारीका अवसर वृद्धि गर्न लाभदायक हुने विश्वास विज्ञप्तिमा व्यक्त गरिएको छ।

# 'जलस्रोत विधेयक चाँडो सदनमा पेस गर्छौं'

काठमाडौँ, २२ फागुन (रासस)। प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिका सभापति दीपक बहादुर सिंहले जलस्रोत विधेयक चाँडो सदनमा पेश गर्ने बताउनुभएको छ।

जल तथा ऊर्जा आयोगको सचिवालयद्वारा बिहीवार यहाँ आयोजित 'नेपालमा प्रभावकारी जल सुशासनका लागि एकीकृत नदी बेसिन योजना र व्यवस्थापन' विषयक कार्यशाला गोष्ठीमा उहाँले पूर्वाधार विकास समितिमा छलफलका क्रममा रहेको जलस्रोत विधेयक दुई हप्ताभित्र टुङ्गो लगाएर सदनमा पेश गर्ने बताउनुभएको हो।

"जलस्रोत विधेयक यस क्षेत्रका विज्ञसँग छलफल गरी अन्तिम रुप दिन लागेका छौँ, दुई हप्ताभित्रै विधेयक सदनमा पेस गर्छौं," उहाँले भन्नुभयो। सभापति सिंहले उपत्यकाका ढुङ्गेधाराहरु सुक्दै गएकामा चिन्ता व्यक्त गर्नुभयो।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव सरिता दवाडीले एकीकृत जलस्रोतको अवधारणालाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो। उहाँले जलस्रोतको संरक्षण र उचित प्रयोगका लागि नदी बेसिन कार्यालय स्थापना गरेर सरकार अगाडि बढिरहेको बताउनुभयो। सङ्घीय संरचनामा पानीको बाँडफाँड महत्त्वपूर्ण भएको सचिव दवाडीको भनाइ थियो।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले देशको प्रमुख स्रोतका रुपमा रहेको जलस्रोतको प्रभावकारी प्रयोगका लागि नदी बेसिन योजनालाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो।

आयोगले पानीको समुचित प्रयोगका लागि कर्णालीको तल्लो भेरी सबबेसिन र बागमतीको रोशी सबबेसिन क्षेत्रको अध्ययन गर्न लागेको छ।

कार्यक्रममा एशियाली विकास बैंकका देशीय निर्देशक अर्नाउड काउकोइच र विश्व बैंकका देशीय निर्देशक डेभिड सिस्लेनले जलस्रोत क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि दातृ निकायको साथ र सहयोग सँधै रहने बताउनुभयो।

कार्यक्रममा जलस्रोत विकास संस्थाका अध्यक्ष बालकृष्ण प्रसाईले जलवायु परिवर्तनका कारण पानीको सङ्कट चुलिँदै गएकाले यसको संरक्षणका लागि एकजुट भएर अगाडि बढ्नुपर्ने बताउनुभयो।

# राष्ट्रियसभा बैठक : 'फास्ट ट्र्याक' मा पुल निर्माण गर्न ध्यानाकर्षण

काठमाडौँ, २२ फागुन (रासस)। राष्ट्रियसभाको बिहीवार को बैठकको शून्य समयमा सांसदले 'फास्ट ट्र्याक'मा पुल निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

बैठकमा सांसद घनश्याम रिजालले दोलखालाई सङ्घीय राजधानी र मधेश प्रदेशसँग जोड्ने लाइफलाइनका रूपमा रहेको लामो-साँघु जिरी सडकमा पर्ने सुनकोशी र तामाकोशी नदीमा समयमा पुल निर्माण नहुँदा यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपरिरहेको तर्फ सरकारको ध्यान जाओस भन्नुभयो।

उहाँले चार दशक पहिले बनेको पुल साँघुरो र जीर्ण भएपछि नयाँ पुल निर्माण गर्न २०७३ सालमै ठेक्का सम्झौता भएपनि निर्माण हुन नसकेको बताउनुभयो। उहाँले भन्नुभयो,"आठ वर्ष बितिसक्दा पनि तामाकोशीमा आंशिक तर सुनकोशीमा पुल निर्माण सुरु भएको छैन। पुल निर्माणमा ढिलाइ हुँदा दुर्घटनाको पनि जोखिम छ। फास्ट ट्र्याकमा पुल निर्माणको काम अघि बढाउन सरकारलाई ध्यानाकर्षण गर्दछु।"

सांसद विष्णुबहादुर विश्वकर्माले कालिकोट जिल्लाको महावै गाउँपालिका जोड्ने एक मात्र पुल निर्माणमा यथाशिघ्र सम्पन्न गर्न सरकारकाले पहल गर्नुपर्छ भन्नुभयो। उहाँले भन्नुभयो, "आव २०७७/७८ मा ठेक्का सम्झौता गरेर पुल निर्माण गर्ने भनिएको थियो। पटकपटक म्याद थप्ने तर काममा ढिलाइ भएको छ। उक्त ठेक्का कम्पनीलाई कालो सूचीमा राखी पुल निर्माण छिटो गर्न ध्यानाकर्षण गराउँछु।"

सांसद पूजा चौधरीले मधेस प्रदेश सिराहा नवराजपुर गाउँपालिका टोल भगवतीपुर निवासी रिंकु सदाको बलात्कारपछि रहस्मयी हत्या हुनु आफैँमा पनि पीडादायी रहेको जनाउँदै हत्यारालाई कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्नुभयो।

सांसद रुकमीणी कोइरालाले जनसङ्ख्या र विकास एकापसमा जोडिएका हुनाले अबको देशको जनसङ्ख्या कस्तो बनाउनुपर्ने भन्नेमा ध्यान दिनुपर्ने बताउनुभयो।

सांसद कृष्णबहादुर रोकायाले रुकम पश्चिममा सञ्चालित दुई वटा विमानस्थलमा उडान यथाशिघ्र सञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सदरमुकाममा रहेको सल्ले विमानस्थल र चौरजहारी विमानस्थल दुवैमा उडान स्थिगित छन्। .सदरमुकाममा रहेको विमानस्थल २०८१ पुस २ गतदेखि सञ्चालनमा छैन। दुवै विमानस्थलमा यथासिघ्र उडान सञ्चालन गरियोस्।"

सांसद पदमबहादुर परियार राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थामार्फत नेपालमा अपाङ्गता भएका व्यक्तिलाई कृत्रिम हातखुट्टा, अपाङ्गता भएका बालबालिकालाई शिक्षा, एचआइभी सङ्क्रमित, क्षयरोगी, गर्भवती महिलालाई सहायता रोकिँदा प्रभाव पर्न गएको बताउनुभयो। उहाँले सरकारले यस सन्दर्भमा प्रभाव परेको बारे अध्ययन गर्नुपर्ने र योजना बनाउनुपर्ने माग गर्नुभयो।

सांसद रेनु चन्दले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले शून्य नम्बर दिएर निकाल्न खोजिरहेको आरोप लगाउनुभयो।

सांसद कृष्णप्रसाद अधिकारीले पनि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पटक-पटक स्पष्टीकरण सोध्ने काम गलत भएको बताउनुभयो।

सांसद विष्णुकुमारी सापकोटाले गण्डकी क्षेत्रमा डाइभर्सन निर्माण गर्ने भनिएसँगै देवघाट क्षेत्रमा रहँदै आएका साधु सन्तलाई यो कार्यबाट असर पुग्नतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद विष्णुदेवी पुडासैनीले शिक्षा विधेयक छिटो पास गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

# प्रधानमन्त्री ओलीद्वारा सुखानीका सहिदको साहस र बलिदानप्रति नमन

काठमाडौँ, २१ फागुन (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको सुखानी जङ्गलमा हत्या गरिएका अमर सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ।

आज सामाजिक सञ्जालमा सुखानीमा हत्या गरिएका सहिदको तस्बिर राख्दै उहाँले श्रद्धाञ्जली व्यक्त गर्नुभएको हो। प्रधानमन्त्री ओलीले लेख्नुभएको छ, 'झापा आन्दोलनका निहत्था योद्धाहरूलाई निरङ्कुश पञ्चायती शासकद्वारा आजकै दिन सुखानीको जङ्गलमा हत्या गरिएको थियो। जनताको मुक्तिका लागि बलिदान दिने अमर सहिदहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठको साहस तथा बलिदानलाई नमन गर्दछु।'

वि.सं २०२९ फागुन २१ मा पञ्चायती शासकविरुद्ध भएको झापा आन्दोलनका अगुवा दाहाल, घिमिरे, राजवंशी, कुइँकेल र श्रेष्ठलाई झापा कारागारबाट इलाम कारागार सार्ने बहानामा सुखानीको जङ्गलमा गोली हानी हत्या गरिएको थियो।

# भिट्ठामोड सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने अध्यक्ष दाहालको प्रतिबद्धता

काठमाडौँ, २२ फागुन (रासस)। पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले महोत्तरीको भिट्ठामोड सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

भारतीय सिमाना नजिक बनाइने प्रस्तावित सुख्खा बन्दरगाह निर्माणस्थलको अवलोकनपछि जलेश्वर उद्योग वाणिज्य सङ्घले बिहीवार भिट्ठामोडमा आयोजना गरेको छलफलमा उहाँले सो प्रतिबद्धता जनाउनुभएको हो।

आफ्नो पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी, तराई मधेस जागरण अभियानको एउटा उद्देश्य सीमा क्षेत्रका जनताको अवस्था बुझ्ने र विकास निर्माणका काम अघि बढाउने उहाँले बताउनुभएको अध्यक्ष दाहालको निजी सचिवायलय जनाएको छ।

अध्यक्ष दाहालसमक्ष जलेश्वर उद्योग वाणिज्य सङ्घले ज्ञापनपत्र पनि बुझाएको थियो। कोलकाता बन्दरगाहबाट तेस्रो मुलुकका सामान आयात निर्यात गर्न जलेश्वर भन्सारबाट एकतर्फी २२५ किलोमिटर मात्रै रहेको जानकारी गराउँदै सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले यो बन्दरगाह मधेसका सबै जिल्लालाई पायक पर्ने स्थान बताउनुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*